Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# लिच्छविकालिन विद्वत् परम्परा

**रवीन्द्र रिजाल**
नेपाल इतिहास संघ केन्द्रीय सदस्य
एम.फिल. ⁄पि.एच.डी.शोधार्थी, इतिहास केन्द्रीय विभाग, कीर्तिपुर
इमेल : rabindrarijal6843@gmail.com
Doi: https://doi.org/10.3126/hisan.v10i1.74925

## सार

*विद्वानहरूले आफूसित भएको विद्वत् भाव वा विशेष ज्ञानलाई प्रदर्शन गर्ने रीतिलाई विद्वत् परम्परा भनिन्छ । लिच्छविकालिन सौन्दर्यताले विद्वत् परम्परा बुझ्न र वर्तमानलाई अभ्यस्त गराउन गुण धर्मको काम गर्दछ । सत्य प्राप्त गर्नु ज्ञानको मूल ध्येय हो । ज्ञान प्रशारण, समाजिक सेवा, मानवकल्याण, गुठी व्यवस्था, कर प्रणाली, इश्वरीय शक्ति, स्वशासन, तहगत राज्य संरचना, नारी स्वतन्त्रता आदि लिच्छविकालिन समाजको प्रमुख दार्शनिक एवं सैद्धान्तिक पक्ष हुन् । लिच्छविकालिन विद्वत् परम्परा यिनै दर्शन र सिद्धान्त वरपर घुमेको छ । लिच्छविकालिन समाजको संरचनात्मक रुप अर्थात तत्कालीन समाजले सृजना गरेको सामाजिक मान्यता, प्रचलित मूल्य, ब्यवहार, नियम, धारणबाट लिच्छवि समाज निर्माणको मापन गर्न सकिन्छ । यो नै लिच्छविकालिन विद्वत् परम्पराको तत्वमिमांस हो । लिच्छविकालिन सामाजिक संरचनाले विकास गरेको ज्ञान, बुझाई वर्णन गर्न वा तत्कालीन समाज दर्शाउने भएकोले यस लेखमा ब्याख्यात्मक दृष्टिकोणबाट दर्शनलाई प्रयोग गरिएको छ । विद्वत्, विद्या, ज्ञानको वास्तविकता, विद्वता प्रभाव, विद्वताको श्रोत, विद्वताको सामाजिकीकरणको श्रृखलाहरू माथि ऐतिहासिक पद्धति र दृष्टिकोणको आधारमा तत्कालीन समाजलाई हेरि ज्ञान प्रशारणको भाव बुझाउने जमर्को गरिएको छ । यो नै लिच्छविकालिन विद्वत् परम्पराको ज्ञानमिमांस हो । गुरुकुल, सम्मेलन, परिषद्, सभा, विश्वविद्यालय, विहार, गुम्वा, घ्याङ् विद्वताको माध्यम वा श्रोत हुन् । विद्वता र वौद्धिकताको आलोकमा लिच्छविकालिन ज्ञान विज्ञानको वास्तविकता भेट्न विद्वत् परम्पराको बोध हुनु उत्तिकै आवश्यक छ । लिच्छविकालिन विद्वत् परम्पराको छत्रछाँयामा ज्ञान तत्कालीन समाजमा प्रशारण भएको भेटिन्छ, वास्तुकला, शिलालेख लेखन यसको उदाहरण हो । विद्वानहरूले गरेको अति उत्कृष्ट कार्यको नमूनाको रुपमा विद्वत् परम्परालाई लिन सकिन्छ । यो नै लिच्छविकालिन विद्वत् परम्पराको मूल्यमिमांस हो । तर वर्तमान समाजले यो पक्षमाथि दृष्टिगोचर गरिएको पाइदैन । विश्वका विविध ज्ञान परम्पराहरू जस्तै नेपाली ज्ञान परम्पराको ऐतिहासिक विरासत जीवन्त पार्न प्रमाणित इतिहासको थालनीको अवधि भएकाले लिच्छविकालिन विद्वत् परम्पराको अनुशीलन जरुरी छ । तसर्थ प्रस्तुत अध्ययनको उद्देश्य लिच्छविकालिन विद्वत् परम्पराको खोज र अध्ययन गर्नु रहेको छ ।*

***शब्दकुञ्जी*** : विद्वता, स्वर्णयुग, श्रोत्रज्ञ, भाणक, अवलोकन

## परिचय

लिच्छविकालिन विद्वत् परम्परामा गुरुकुल, सम्मेलन, परिषद्, सभा, विश्वविद्यालय, गोन्पा(विहार), गुम्वा, घ्याङ्, सम्मेलन, परिषद्, सभा आदि ज्ञान उजागर गर्ने महत्वपूर्ण माध्यम भएको कारण यसले व्यापकता पाएको पाइन्छ । विद्या, ज्ञान, विज्ञान, प्रज्ञा, शिक्षाको प्रशारण मार्फत समाजलाई नैतिक जागरण तथा सभ्य र सुन्दर समाज निर्माण गर्न विज्ञ अर्थात विज्ञता प्राप्त विद्वानको सहायताबाट समाजमा विद्वता तथा ज्ञान प्रदान गरिन्थ्यो । विद्वता तथा ज्ञान प्रदानका विभिन्न इकाइ वा अंशहरू तत्कालीन समाजमा क्रियाशिल थिए । "जुनसुकै कार्यगर्दा सद्गुरु वा सत् आचार्यको आवश्यकता पर्दछ । विना सद्गुरु, सत् आचार्यबाट भएको काम सिद्धि एवं फलदायक हुँदैन" (बज्राचार्य, २०४१ : ८८) । मानव सभ्यता र सभ्यताले छोडेको डोबहरू धर्म, सम्प्रदाय, समुदाय आदिका रुपमा वर्तमानमा क्रियाशिल छन् । पुर्खाको पदचाप ज्ञानको विन्दु हो ।

मानव पुर्खाले विभिन्न उतार चडाव, यात्रा, सङ्घर्ष, अवलोकन र अनुभवबाट ज्ञान हासिल गर्न सक्षम भएको पाइन्छ । ग्रिसेली ज्ञान परम्परा, चिनियाँ ज्ञान परम्परा, भारतिय ज्ञान परम्परा जस्तै नेपाली ज्ञान परम्पराको ऐतिहासिक विरासत, धुकधुकी कमै मात्र बाँकी रहेको महसुस हुन्छ । नेपालको इतिहासमा ज्ञान प्रशार र विकासमा विद्वानहरूले पुऱ्याएको योगदानको बारेमा खासै खोजिनिती भैरहेको छैन । विद्वताको प्रभाव, प्रकृति, परम्परा लिच्छविकालमा उच्च स्थानमा रहेको तत्कालीन अभिलेखहरूले संकेत गर्दछ । यस परम्पराको बारेमा ठोस र मूर्त रूपमा अनुसन्धानात्मक कार्य नभइरहेको पाइन्छ । यसको अर्थ विज्ञता, विद्वता ओजेलमा पर्नु हो भन्ने बुझिन्छ अर्थात विद्वत् परम्पराको अवमुल्यन हुनु हो । नेपालमा शासन गरेका लिच्छविहरू र लिच्छविकालिन समयमा प्रशारण गरिएका विज्ञताको खोज गर्नु वर्तमान नेपाली समाजको अपरिहार्यता हो ।

लिच्छविहरू सूर्यवंशी क्षेत्रीय हुन् । ब्रम्हाका छोरा मरिचिहुँदै अघि बढेको यस सूर्यवंशीले किराँतलाई जिते । श्री लिच्छवि राजा भए । महान सूर्यवंशले नै लिच्छवि राजाको पराक्रमका कारण लिच्छवि वंश भन्ने अर्को नाम लिई नयाँ वंश प्रचलनमा ल्याए । *गोपालराज वंशावली पत्र १९* मा *अथ: सूर्यवम्सप्रभावात् नेपाले कि (रात) राजा निर्ज्जित्य । लिच्छवीवंस्स प्रवर्त्तते* ॥ अर्थात सूर्यवंशको प्रभावले नेपालमा किराँत राजालाई जितेर लिच्छवि वंश चल्यो भन्ने वाक्यांश उल्लेख छ । अयोध्याका सूर्यवंशी राजा दशरथका वंशको रुपमा लिच्छविलाई लिने गरिन्छ । दशरथका नातीहरूको आठौं पुस्तापछि सुपुष्प राजा भएको कुरा जयदेव द्वितीयको वि.स.७९० को पशुपतिको अभिलेखमा उल्लेख छ । पाली साहित्यकाअनुसार लिच्छवि बज्जि संघको प्रधान जाति थियो । बज्जि संघको आठ जाति (अस्टकुलिक) मध्ये लिच्छवि सवल र सर्वशक्ति सम्पन्न जाति मानिन्थ्यो । जसको राजधानी वैशालीमा थियो भन्ने विषय रामायणमा उल्लेख छ । नेपालमा जयदेव प्रथम, धर्मदेव, मानदेव, महीदेव, वसन्तदेव, अंशुवर्मा, उदयदेव, नरेन्द्रदेव, शिवदेव, जयदेव द्वितीय लगायत लिच्छवि शासकहरूले शासन गरेको पाइन्छ । हालसम्म पाइएका अभिलेखहरूमा लिच्छविहरू कहाँबाट आए, कता बिलाए वा हराए कुनै उल्लेख पाइदैन तर नेपालमा उनिहरूले लामो समयसम्म शासन गरेको प्रमाण तत्कालीन अभिलेखहरूले प्रष्ट्याउदछ । संसोधन मण्डलका सञ्चालक तथा इतिहासकार महेशराज पन्तसँग गरिएको छलफलकाअनुसार "जयस्थिति मल्लले शुरु गरेको स्थिर शासन पश्चात मात्र लिच्छवि वंशको शासन अन्त्य भएको हो । अर्जुनमल्ल देवसम्म देव खलक अर्थात लिच्छवि वंश कै शासन थियो, मल्ल वंशका प्रथम शासक भनिएका अरिमल्लदेव पनि देव वंशका हुन् उनी पनि लिच्छवि भएको तथ्यले देखाउँदछ" (पन्त : २०८१ मंसिर २६) । यसरी हेर्दा चौधौं शताब्दिसम्म लिच्छविहरूले शासन गरेको पाइन्छ ।

लिच्छविकालिन समयलाई स्वर्ण युगको रुपमा लिने गरिन्छ । लिच्छविकालको भाषा, साहित्य, कला, लिपि, शासन पद्धति, गोष्ठी परम्परा, नारी स्वतन्त्रता, व्यापार व्यवसायको उन्नती, कर प्रणाली, कृषि प्रणाली, हिति प्रणाली, वैधानिक परम्परा आदिका माध्यमबाट राजनैतिक, सामाजिक, शैक्षिक, आर्थिक क्षेत्रमा गरेको उल्लेख्य उपलब्धिका कारण यस समयलाई स्वर्ण युगको रुपमा लिदै आइरहेको पाइन्छ । यसलाई इतिहासकारहरूले एक मतले स्वर्णकाल नै स्विकार गरेका छन् । यसकालमा नेपाली धरामा विद्वानहरूले राजनैतिक, सामाजिक, शैक्षिक, आर्थिक लगायत क्षेत्रमा प्रमाणित रुपमा प्रथम जग खडा गर्न सफल भए । कालन्तरमा यसलाई जोगाउन नसकिएको पक्ष यो अर्को पाटो हो । वर्मा वंश र गुप्त वंशसितको शितयुद्ध लिच्छवि शासनको धमिला पक्ष हुन् । "नेपालको इतिहासमा लिच्छवि शासनकालको गौरवपूर्ण स्थान रहेको छ । लिच्छविहरूको शासन पद्धति लोकहित र लोकसुखमा आधारित थियो । शान्ति, सुरक्षा, समृद्धि, विकास, विद्यासाधना, कलासाधना र साहित्यसाधनाका दृष्टिबाट लिच्छविकाल धेरै माथि उठेको थियो" (ढकाल, २०५९ : १) । विद्वानद्वारा यस समयमा विद्वताको श्रोतको माध्यमबाट नवीन ज्ञान र विचार जीवन र जगतको लागि प्रशारणमा ल्याउने प्रचलन भएको विभिन्न प्रमाणहरू पाइन्छ ।

लिच्छविकाल र यसको विविध पक्षमा अध्ययन गर्ने विभिन्न श्रोतहरू छन् । "(१) शिलालेख, अभिलेख, संवत् ( २) टक (३) पुरातात्तिक उपलब्धि (४) विदेशी सूचना (५) वंशावली, साहित्य (६) अन्य (पुराणहरू- हिमवत्खण्ड, नेपालमहात्म्य, गण्डकीमहात्म्य र स्वयम्भूपुराण)" (रेग्मी, २०७६ : १४) । यी श्रोतहरूको साथै बौद्ध, जैन दर्शन, प्राचीन भारतीय साहित्य तथा अभिलेखहरू, तिब्बती श्रोतहरूलगायतका माध्यमबाट लिच्छविकालिन विद्वत् परम्परा प्रवृतिगत रुपमा कसरी नागरिक समक्ष ल्याउने गरिन्थ्यो यस आलेखमा अनुसन्धानात्मक रुपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

## अनुसन्धानको स्रोत र विधि

लिच्छविकालिन विद्वत् परम्परामाथि अनुसन्धानात्मक कार्य गर्न विभिन्न पुस्तक, पत्रपत्रिकामा प्रकाशित लेख, शिलालेख, ग्रन्थ, मठ, मन्दिर, बिहार आदिलाई अनुसन्धानको अध्ययन सामग्रीको रुपमा लिइएको छ । प्राथमिक र द्वितीय स्रोतको रुपमा रहेको यी सामग्रीको उपयोग गरि लेख तयारी गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत लिच्छविकालिन अभिलेख, विभिन्न स्थानमा प्राप्त शिलालेख, ताम्रपत्र र अन्तर्वार्ता रहेका छन् र यी सामग्री मूल स्रोतको रुपमा समेत उपलब्ध रहेका छन् । द्वितीय स्रोतको रुपमा प्रकाशित अनुसन्धानात्मक पुस्तकहरू, लेखहरू रहेका छन् ।  अवलोकन विधि, पुस्तकालय विधि, स्थलगत अध्यन आदिको सहायताले अध्ययन स्रोत प्राप्त गरिएको छ । यो लेख तयार पार्न गुणात्मक अनुसन्धान पद्धतिकासाथ वर्णनात्मक र विश्लेषणात्मक विधिको आधार लिइएको छ ।

## विद्वत्/विद्या/ज्ञान

विद् भनेको जान्नु ज्ञयता भन्ने हुन्छ । विद्(त्) जान्ने, ज्ञाता, पण्डित, विज्ञ भन्ने अर्थ नेपाली शब्दसागरले गरेको छ । त्यस्तै शब्दसागरले विद्या भनेको अध्ययनद्वारा हासिल गरिने ज्ञान वा बुद्धि, विषयगत वर्णन विवेचना गरिएको शास्त्र, विज्ञान, जुनसुकै विषयका बारेमा गहिरिएर आद्योपान्त वर्णन आदि गरिएको शास्त्र, तन्त्रशास्त्र, ऐन्द्रिजालिक शास्त्र, वास्तुकला वा मूर्तिकलामा प्रयुक्त हुने पर्वन् वा रुद्राक्षि वा अग्नि वा गुण वा

शूल वा तीन अंगुल बराबरको नापो, दुर्गा भवानी, उपासना, सरस्वती, ब्रम्हविद्या भनि अर्थाएको छ (शर्मा, २०६१ : १२०५) । विद्वताको अर्थ शव्दशागरले विद्वान् हुनाको भाव वा गुण, पाण्डित्य, विवेक, अक्कल, विशेष ज्ञान हो भनि बताएको छ (शर्मा, २०६१ : १२०६) ।

नेपालमा प्राचीन समयदेखि नै परा विद्या र अपरा विद्याको रुपमा ज्ञान बाँडिने गरिन्थ्यो । लिच्छविकालमा पनि यो ज्ञान बाड्ने प्रचलन थियो । ज्ञान बाँडे बड्दछ भन्ने नेपाली उक्ति नै छ । 'तैत्तिरीयशाखागोष्ठी' 'भूमिच्छिद्र' नामक सरकारी जग्गा यसको ज्वलन्त उदाहरण हुन् । विद्यारंभलाई अक्षरारम्भ गर्ने तथा शोडष संस्कारमध्येको एक संस्कारको रुपमा हिन्दुहरूले लिने गर्दछन् । "चिनियाँहरू विद्यालाई मिङ शब्दले अर्थाउने गर्दछन्" (वाशिष्ठ, २०७७ : ४) । बौद्ध दर्शनले थेरवादी परम्परा अर्न्तगत परहितकारी शिक्षा जसलाई वर्तमानमा परम्परागत शिक्षा भनि बुझिन्छ । यो विद्या प्रशारण गोन्पा शिक्षा पद्दतिमा आधारित छ । कर्ममीमांसा यसको सहायक पक्ष हो ।

"लिच्छविकालमा विद्वानहरू केही विद्या पनि पढ्दथे । त्यस बेला विद्याको पठनपाठन पनि लुप्त भयो । जुन बेला विद्याको, विद्वानको कदर हुन्छ विद्वानहरू विद्या पढ्दछन्, त्यस बेला राष्ट्रमा पनि जागृति आउँछ, राष्ट्रले उत्थान गर्दछ । जुन बेला विद्या पढिदैन, विद्याको विद्वानको कदर हुदैन । विद्वानहरू भाट भएर दास बन्दछन्, विद्यामा अभ्यास गर्दैनन्, त्यस बेला राष्ट्र मोहनिद्रामा पर्दछ" (नेपाल, २०५५ : ३) । विद्या र अध्ययनको भेद छ । लिच्छविकालिन चिनिया यात्री ह्वेनसानले नेपाल (नि-पो-ल) शीर्षक अन्तर्गत आफ्नो यात्रा-वर्णनमा लेखेका छन्-"भरखर त्यहाँ अंशुवर्मा (अन्-चू-फ-मो) नामका राजा भएछन् । यी राजा आफ्नो विद्या र चातुर्यले गर्दा प्रख्यात थिए । तिनले स्वयम् शब्दविद्यासम्बन्धी ग्रन्थ बनाएका थिए । ती राजा विद्याको आदर र गुणको कदर गर्दथे । उनको यस सर्वत्र फैलिएको थियो" (पन्त, २०४३ : ५११) । विद्या र अध्ययन अन्तरसम्वन्धीत तर फरक हो भन्ने देखिन्छ । विद्याले गहिरो र रहस्यात्मक कुरो जुन विज्ञ, विद्वान, गुरु वा अग्रजबाट सिक्नु नै पर्छ । जसलाई ब्रम्मज्ञान वा तत्व ज्ञान भनेर जानिन्छ । "सामान्य वा विशेष भन्ने कुराको पत्तो वा जानकारी, जेसुकै कुराको थाहा, भित्री वा अप्रत्यक्ष रहेको तर भरेभोली प्रकट हुने तत्वको बोध, आत्मज्ञान, तत्वज्ञान, अनुभव, अनुभूति, विवेक"लाई ज्ञान भनेर जानिन्छ (शर्मा, २०६१ : ५३०) ।

मानवजाती वा समाजसित सम्वन्धीत विषयवस्तुलाई स्वयम् वा गुरुबाट सिक्ने, बुझ्ने र फेरी सिकेका ज्ञानलाई अन्यन्त्र सिकाउने यो चक्रिय कला ज्ञान हस्तान्तरण तथा पुस्तान्तरणको महत्वपूर्ण पक्ष हो । यो नै लिच्छविकालिन विद्वत् प्रवृति हो ।

## विद्वताको श्रोत

विद्वता भनेको विद्वान् हुनाको भाव वा गुण, पाण्डित्य, विवेक, अक्कल, विशेष ज्ञान हो भनेपछि विद्वताको श्रोत बारे पनि जान्नु पर्ने हुन्छ । विद्वत् परम्पराको ह्रासले विद्वता नास हुन्छ । विद्वताको कारण विद्याको जागरणमा कमी हुने र बिना जागरण समाज रुपान्तरण नहुने हुनाले विद्वताको वहस जरुरी छ । वर्तमान समयमा बाटाघाटा, चियापसल, सार्वजनिक यातायात, सामाजिक सञ्जाल, चौतारा, जेष्ठ नागरिक मञ्च, देवालय, शिक्षालय, गुम्बा आदि स्थानहरूमा एक व्यक्तिले अर्को व्यक्तिलाई जानेको सुनेको कुरा भनेको सुनिन्छ, देखिन्छ । यो सूचना मात्र हुन सक्छ वा ज्ञान नै पनि हुन सक्दछ । मुखामुख ज्ञान दिने हाम्रो प्राचीन प्रचलन हो । श्रोत्रज्ञ परम्परा र भाणक परम्परा यसकै उदाहरण हुन् ।

"वेद कण्ठस्थ पारेर त्यसलाई जोगाइराख्ने काम एक ब्यक्तिले मात्र गरेर हुने होइन । यसका लागि एक पुस्ताले अर्को पुस्तालाई तालीम दिनु आवस्यक हुन्छ । यसै हुँदा 'तैत्तिरीयशाखागोष्ठी' आदि वेदाध्ययनसम्वन्धी गोष्ठी लिच्छविकालमा बने" (बज्राचार्य, २०३० : २८३) । गुरुकुल, सम्मेलन, परिषद, सभा, विश्वविद्यालय, विहार, गुम्वा, घ्याङ् विद्वताको श्रोत हुन् । वनस्पती अनुसन्धानकर्ता धर्म महारससँग गरिएको छलफलकाअनुसार "विद्वताको भाव प्राप्त गर्न वा विद्वान हुनको लागि चाहिने माध्यम, सामग्री, साधन, विधि, प्रकृया, तथ्य र सत्य विषयवस्तुलाई विद्वताको श्रोत भनिन्छ" (महारस, २०८१ पुस १०) ।

चाँगुको संवत् ३८६ को लिच्छविकालिन स्तम्भलेख सस्कृतभाषमा लेखिएको विद्वताको दृष्टिले श्रेष्ठ भएको एक ऐतिहासिक स्तम्भलेख हो । "मानदेवका अरु अभिलेखको रचनाशैली पनि सुन्दर र विद्वतापूर्ण छ । यसबाट त्यस बेला विद्याको उन्नति भएको थियो, मानदेवको आश्रयमा विद्वानहरू थिए भन्ने थाहा पाइन्छ" (बज्राचार्य, २०३० : ३०) । तसर्थ माथिका तथ्यहरूको आधारमा के भन्न सकिन्छ भने वस्तुगत (वस्तुलाई प्रमुखता दिइएको, वस्तु भित्रको रहस्य) र आत्मगत (मनमनै, अध्यात्मविद्या वा वेदान्तशास्त्र) दुवैलाई विद्वताको श्रोतको रुपमा लिन सकिन्छ । मूख्यतः विद्वताको श्रोत यस प्रकारका छन् ।

**क) गुरुकुल :** विद्या वा शिक्षा वा शिल्प वा बुद्धि र कर्मसम्बन्धी योग्यता दिलाउने व्यक्तिलाई गुरु भनिन्छ । गुरुको आश्रम वा निवास स्थानलाई गुरुकुल भनिन्छ । "विद्यार्थीहरूलाई आफ्नै संरक्षणमा र निरीक्षणमा राखी शिक्षा र तालिम दिइने प्राचीन परम्पराको थलो वा केन्द्र, गुरु-आश्रम, विद्यार्थीलाई प्राचीन भारतवर्षीय शिक्षा पद्दतिअनुसार ब्रह्मचर्यमा राखी स्नातक आदिको शिक्षा दिइने आधुनिक विद्याकेन्द्र हो" (शर्मा, २०६१ : ३७०) । भारतवर्षमा गुरुकुल शिक्षा पद्दति ज्ञान आर्जनको मुख्य केन्द्र भएको तथ्यहरूले दर्शाउँदछ । "गुरुकुलमा वैदिक संहिक, वेद, वेदांग, दर्शन, नीतिशास्त्र, पुराण, आयुर्वेद, मीमांस, ब्याकरण, न्याय, श्रुतिस्मृति, आगम आदि विषय माथि अध्यापन गराइन्थ्यो" (शर्मा, २०७२ : १५) । गणित, एस्ट्रोनोमी, एस्ट्रोलोजी, रसायनशात्र, अर्थशास्त्र, शिल्पकला, सँगित, भाषा, चिकित्सा (औषधि विज्ञान,शल्य क्रिया), युद्धकला, दर्शनलगायत विभिन्न प्रकारका विषयको अध्यापन गुरुकुलमा गराउने गरिन्थ्यो भन्न सकिन्छ । "उपनयनपछि वटुकहरू गुरुको साथमा गुरुकुलहरूमा रहेर अध्ययन गर्ने परिपाटी थियो" (शर्मा, २०७२ : १५) । "कुल गुरुअन्तर्गत रहेका आर्चायहरूले दिइने सैद्धान्तिक र व्यावहारिक शिक्षा निश्चित उमेरसम्म दिइने गरिन्थ्यो" (शिवाकोटी, २०६७ : ४०८) ।

वेदज्ञाता वा जसले सुनेको भरमा जान्ने हुन्छ, यसलाई श्रोत्रज्ञ भनिन्छ (शर्मा, २०६१ : १२६०) । सुनेको भरमा ज्ञान प्रशारण गर्ने कार्य श्रोत्रज्ञ परम्परा गुरुकुल पद्दतिमा जीवन्त थियो । आर्ष पद्दतिको मेरुदण्डको रुपमा भारतवर्षमा ज्ञान प्रशाारणका हेतुले गुरुकुलहरू सक्रिय थिए । गुरुकुलमा विद्वत् गुरुजनबाट जीवन र जगत उपयोगी ज्ञान प्रदान गर्ने भएकोले विद्वताको श्रोतको रुपमा गुरुकुललाई लिन सकिन्छ ।

**ख) विश्वविद्यालय :** प्राचीन समयमा ज्ञान प्रशारण गर्ने स्थानको रुपमा विश्वविद्यालयहरू सक्रिय थिए । नालन्दा, तक्षशिला, विक्रमशीला, उडानपुरी आदि प्राचीन बौद्ध विश्वविद्यालय हुन् । नेपालमा प्राचीन विश्वविद्यालयको रुपमा पद्मसंम्भवले फपिङमा बनाएको विश्वविद्यालयलाई लिने गरिन्छ । "एघारौं शताब्दीको सुरुमा फर्पिङ, पाटन र काठमाडौं तीन ठूला शिक्षा केन्द्रका रुपमा थिए (.......) त्यहाँ पुस्तक लेखनकला, तपशास्त्र, धातु र मूर्तिकलामा शिक्षा दिइन्थ्यो । यसबेला पण्डित महाकरण र विभूतिचन्द्र नेपालमा ठूला विद्वान् मानिसमा गनिन्थे" (शर्मा, २०७२ : २१) । भारतवर्षमा ज्ञान आर्जनको लागि निर्मित विश्वविद्यालयहरू

विद्वताको श्रोत हुन् । लिच्छवि समाजमा सनातनी शिक्षा, बौद्ध शिक्षा, हिन्दु शिक्षा, लामा विद्या प्रचलनमा थिए ।

**ग) विहार :** बौद्धको उपासना गर्ने घरलाई सामान्यत : विहार भनिन्छ । लिच्छवि अभिलेखमा विभिन्न स्थानमा तत्कालीन समयमा विहारहरू भएको उल्लेख छ । आदिनाथ (चोवहारका), वज्रयोगिनी (गुंविहार) आदि देवस्थल वनदुग्रको रुपमा थिए (बज्राचार्य, २०३० : १९) । लिच्छविकालका अभिलेख नामक पुस्तकको विभिन्न पृष्ठमा विहारहरूकको उपादेयता वर्णित छ । चर्तुर्भालटसनविहार पृ. ४९७, जीववर्म्मविहार पृ. ५६७, नघल (श्रीघः) विहार पृ. ३८०, मानविहार पृ. ४३, ७५ लगायतपृष्ठमा, राजविहार पृ. ३२०, सुजातप्रभविहार पृ. ४५७, धंदोचैत्य पृ. ३ मा उल्लेख छन् । "बुद्धको परिनिर्वाणपछि उनका उपदेशहरू सङ्कलन र सम्पादन गर्ने कार्य तिर्व रुपमा भयो । यसलाई भिक्षुका समूहले कण्ठस्थ गर्दथे । भिक्षुका समूह बनाई बुद्धोउपदेशका अलगअलग अंश कण्ठस्थ पारेर पछिल्लो पुस्तालाई हस्तान्तरण गरिन्थ्यो । दीघ निकाय कण्ठ पार्नेलाई दीघभाणक, मज्झिमनिकाय कण्ठ पार्नेलाई मज्झिमभाणक र यसै प्रकार अन्य अंश कण्ठ पार्नेलाई सोही नाउँले चिनिन्थ्यो । यस्तो मौखिक परम्परालाई भाणक परम्परा भनिन्थ्यो । त्रिपिटक वा यसका कुनै ग्रन्थ कण्ठस्थ पार्ने परम्परा म्यानमार(बर्मा)मा अझै जीवित छ भनिन्छ" (पौड्याल, २०८० : २९०) । "सवै प्राणीप्रति मैत्री, करुणा, मुदिता र उपेक्षाले युक्त भएर विहार गर्नुलाई ब्रह्मविहार भनिन्छ" (पौड्याल, २०८० : २९०) । विहारमा बौद्ध दर्शनमा आधारित ज्ञान प्रशारण हुने भएकोले विहार विद्वताको श्रोत हो ।

**घ) सभा :** सामान्यत जमघट भई कुनै एक विषय वा सो भन्दा बढी विषयमाथि छलफल गर्ने थलो वा कार्यक्रमलाई सभा भनिन्छ । धर्मसभा, राजनीतिक सभा, विद्वत्सभा आदि । धर्मसभा धर्म सम्बन्धी विचार-विमर्श गर्ने सम्मेलन, न्यायान्यायको राम्रो जाँचबुझ गरि न्यायिक निर्णय दिन बनेको अड्डा (शर्मा, २०६१ : ७०१) लाई धर्मसभा भने झै राजनैतिक निर्णय लिन वसेको सभा राजनीतिक सभा र ज्ञान श्रृखलामाथि निर्णय लिन वसेको विद्वानहरूको सभालाई विद्वत् सभा भनिन्छ । यी सभाहरूबाट ज्ञान हस्तान्तरण हुने गर्दछ । "लिच्छवि राजा नरेन्द्रदेवको पालामा विभिन्न कर्मचारी राजसभामा सम्मानित रुपमा बसी राजालाई सल्लाह दिने गर्दथे" (रेग्मी, २०७७ : २१) । वादे वादे जायते तत्वबोध अर्थात वहस छलफलबाट नै ज्ञान, विद्वता निखारिने भएकोले यो एक श्रोत हो ।

**ङ) सम्मेलन :** "सम्मेलन मिश्रित जमघट वा भेला हो" (शर्मा, २०६१ : १३५४) । ज्ञान प्रशारण गर्ने विभिन्न माध्यम मध्ये सम्मेलन एक महत्वपूर्ण माध्यम हो । प्राचीन समयमा ज्ञान संकलन गरिने र वितरण गर्ने मौलिक पद्दति थियो । विभिन्न विषयमाथि बृहत्तर छलफल गरि ज्ञानलाई निखारता दिइन्थ्यो । तत्कालिक समाजमा तल्लो इकाई ग्रामदेखि तल अनि द्रङ्गसम्मको तहमा वीज्ञता प्राप्त विद्वानबाट मार्फत विषयवस्तुमाथि वहस छलफल गर्न केन्द्रीकृत रुपमा जम्मा हुने र ठोस विषयमा आ-आफ्नो विज्ञता प्रदर्शन गर्ने गर्दछन् । अन्ततः सवै विद्वानहरूको रायबाट नविन ज्ञान प्रस्फुटन हुन पुग्दछ । तसर्थ सम्मेलन विद्वताको एक श्रोत हो ।

**च) परिषद् :** नेपाली शब्दसागरकाअनुसार विभिन्न विषयका दिग्गज विद्वान्हरू एक्काईस जना भएको विद्वत्सभा मौकामौकामा राजाको अध्यक्षता हुने विद्वानहरूको समितिलाई परिषद् भनिन्छ (शर्मा, २०६१ : ८०७) । परिषद् विभिन्न प्रकारका हुन्छन् । विद्यापरिषद्ले विश्वविद्यालयको प्राज्ञिक नीतिको निर्णय गर्दछ । पशुपति छत्रचण्डेश्वरको संवत् नखुलेको लिच्छविकालिन शिलालेखमा पाशुपताचार्य परिषदको उल्लेख छ (बज्राचार्य, २०३० : ४२७) । राजाका शासनकालमा राजाकै अधिनमा गठन हुने विशेष अधिकारसम्पन्न सभालाई

राजपरिषद् भनिन्छ । परिषद्का भेदअनुसार यिनका कार्य सम्पादन पनि बेग्लै बेग्लै तरिकाले हुन्छ । परिषद्मा विद्वत् कार्य हुने हुनाले विद्वताको श्रोतको रुपमा लिन सकिन्छ ।

**छ) गुम्बा :** गुम्बा ज्ञान आर्जन गर्ने स्थान भएकोले विद्वताको श्रोतको रुपमा लिन सकिन्छ । "गुम्बामा पठनपाठन संगापा र गेलुङबाट हुने गर्दछ । कलेजी रंगको वस्त्र लगाउने संगापा र पहेंलो वस्त्र लगाउनेलाई गेलुङ भन्दछन् । आफ्ना तपस्याबाट संगापा (शंकापा) प्राप्त गरेका निजबाट सन्तान नहुने गुरुलाई संगापा र पंहेलो वस्त्र धारण गर्ने विवाह नगरी गृहस्थ त्यागी गुफा बसी धर्मग्रन्थ पढेका गुरुलाई गेलुङ भन्दछन्" (शर्मा, २०७२ : १७) ।

## विद्वताको सामाजिकीकरण

विद्वताको सामाजिकीकरण हुनु भनेको सामान्ने त तत्कालीन समयको ज्ञान परम्परालाई जनहितमा पुऱ्याउने र राष्ट्र रक्षा गर्ने एक शुत्र हो । ज्ञान परम्पराको आलोकमा नै विभिन्न सभ्यताको पदचाप वर्तमानसम्म जीवन्त रहेको पाइन्छ । लिच्छविकालिन विद्वत् परम्पराको छत्रछाँयामा ज्ञान समाजमा प्रशारण भएको भेटिन्छ । यसका केही तथ्यहरू यसप्रकार छन् ।

ग्राम-तल-द्रङ्गप्रति सचेतना लिच्छविकालिन महत्वपूर्ण तथ्य हो । कौटिल्य अर्थशास्त्र अनुसार घटीमा १०० घर भएको बढीमा ५०० सम्म घर भएको, बढीमा एक दुई कोशको इलाका भएको परस्परमा रक्षाको प्रबन्ध रहेको छ भने त्यसलाई ग्रामको संज्ञा दिन सकिन्छ । ग्रामको विकसित रुप तल हो, तलको विकसित रुप द्रङ्ग हो । व्यापारको रुपमा विकसित भएपछि ग्रामले तल र तलले द्रङ्गको संज्ञा पाउँदथ्यो । ग्रामबाट द्रङ्गमा विकास हुन झण्डै २०० वर्ष लाग्ने तथ्य शीताटी द्रङ्गले देखाउँदछ । १९९ वर्षमा शीताटीग्रामबाट शीताटीकातलहुँदै शीताटी द्रङ्ग बन्न पुगेको छ (श्रेष्ठ, श्रेष्ठ, रिजाल, २०८० : १२१) यस प्रकारका विभिन्न द्रङ्गहरू लिच्छविकालमा सक्रिय थिए । समाज द्रङ्गको रुपमा विकसित हुनु सामाजिकीकरणको नमुना हो । इतिहास प्रधान त्रैमासिक पत्रिका पूर्णिमा १८ को वर्ष ५ अङ्क २ अनुसार :

> "भक्तपुर सूर्यविनायकदेखि दक्षिणपट्टी ललितपुर लुभुदेखि पूर्वोत्तरमा अनन्तलिङ्गेश्वर स्थान जसलाई 'हंसगृह द्रङ्ग' भनिन्थ्यो । अनन्तलिङ्गेश्वरबाट दक्षिण-पश्चिम भेगमा लेले छ । यसलाई 'लेम्बटी द्रङ्ग' भनिन्थ्यो । सीतापाइलाबाट पश्चिमतिर शीताटी द्रङ्ग इन्द्रथानको पश्चिमपट्टि केबलपुरको भू-भाग 'नुप्पुन्न द्रङ्ग' कहलिएको थियो । उपत्यकाको उत्तरीभेक धर्मस्थली, टोखा, धापासी, धर्मपुर, चपली गाउँ, बुढानिलकण्ठ आदि स्थान 'थंतुंरी द्रङ्ग' भनिने गरिन्थ्यो । मङ्गलबजार र यसको आसपासका ठाउँलाई 'यूपग्राम द्रङ्ग' भनिन्थ्यो । टुंडिखेल, टेबहाल, गणबहाल, लगन, यङ्गाल, ब्रम्हटोल, हनुमानढोका, केलटोललाई 'दक्षिणकोलि द्रङ्ग' भनिन्थ्यो । भक्तपुरको क्षेत्रलाई 'माखोपृंद्रङ्ग' भनी बुझिन्थ्यो । उपत्यका बाहिर पनि विभिन्न द्रङ्गहरू थिए । (पृ. ८७-९६)"

तत्कालीन समयमा तलको रक्षा गर्न वा रेखदेख गर्न तल स्वामी नियुक्त भएका हुन्थे । तल स्वामीले आफ्नो इलाकाको शासन गर्न शासन सम्बन्धी केही अधिकार पाएका हुन्थे । हाल तल स्वामी तलसिङको रुपमा प्रचलित छ ।

लिच्छविकालका विभिन्न अभिलेखहरूमा हस्तिमार्गको उल्लेख भएको छ (बज्राचार्य, २०३० : ९३ ) । अर्थात त्यस समयमा हात्ती चड्ने तथा हात्तीको उपयोग गर्ने प्रचलन भएको पृष्ठि हुन्छ । यसर्थ लिच्छविकालिन

समयमा हस्तिसूत्र सिकाउने गरिन्थ्यो भन्ने बुझिन्छ । हस्तिसूत्र हात्ती हाँक्ने सिप वा विद्यालाई हस्तिसूत्र भनिन्छ (शर्मा, २०६१ : १३८५) ।

राजाज्ञा वा सरकारी आदेशको प्रमाण जुन सरकारको आधिकारिक प्रकाशन हो यसलाई राजपत्र वा सनद वा हुकुमप्रमाङ्गी पनि भनिन्छ । राजा महाराजाको उर्दी-पूर्जी जारी गर्ने माध्यम राजपत्र थियो । थानकोट आदिनारायण प्राङ्गगणमा रहेको संवत् ४२८ (वि.सं.५६३) नेपालको पहिलो सदनपत्र हो । यो सनद-पत्र लिच्छवि राजा बसन्तदेवले राख्न लगाएका थिए (बज्राचार्य, २०३० : ९४) । यो प्रमाणित लेख्य कानूनको शुरुवात हो । “भारतमा गुप्तहरूको साम्राज्य हुँदा नेपालमा लिच्छविको राज्य थियो । काम तथा राज्य सम्बन्धी सनद सवाल दुनियाँमा प्रचार गर्नाका लागि शिलापत्रमा कुदाई ठाँउ ठाँउमा राख्ने परिपाटि थियो” (पराजुली, २०२१) ।

मानदेवको आमा राज्यवती सती जान नपरेको प्रशङ्ग, मालिगाँउको संवत् ५७ को शिलालेखमा विधवा-विवाह, पुर्नविवाहसम्बन्धी स्थितिबन्धेजको प्रशङ्ग, क्षेमसुन्दरी, गुणवती, भारवी, विजयवती, आभिरी गोमिनी, भोगदेवी, भाग्यवती, जय सुन्दरी आदि नारीले गरेका सामाजिक तथा साहित्यिक योगदानले तत्कालिक नारी चेत्लाई बुझाउँदछ । भिक्षुणी, विदुषी, अजिमा, देवी परम्परा, नारी मूर्ति आदिले स्त्रैयंण भावकासाथ नारी स्वतन्त्रता, मुक्तिको आभास लिच्छविकालिन समाजमा थियो भन्ने प्रमाण तत्कालिक अभिलेखले दिलाउँदछ ।

लिच्छवि संवतको निर्णयनामक पुस्तकमा हुयनसानको यात्रा-वर्णन उल्लेख गरिएको छ । उक्त पुस्तकमा “नेपालमा धेरै बहाल र मन्दिरहरू सँगसँगै जोडिएका छन् । त्यहाँ अन्दाजी २००० भिक्षु छन् । तिनीहरू महायानी र हीनयानी ग्रन्थ पढ्छन्” भनिएको छ (पन्त, २०४३ : ५११) । तत्कालिक उपत्यकामा बहाल र मन्दिर, मानगृह, कैलाशकूट, भद्राधिवास आदि राजभवनहरू, लगायत क्षेत्र वास्तुकला र कला कौशलले भरिपुर्ण भएकोले ती कला कौशल लिच्छवि समाजको ज्ञानका उत्कृष्ट नमूना हुन् भन्न सकिन्छ ।

लेलेको शिवदेव अंशुवर्माको संवत् ५२६ को अभिलेखमा विभिन्न प्रकारका गोष्ठीहरूको वर्णन गरिएको छ । अर्चनीयगोष्ठी, अर्चगोष्ठी (मूर्तिबनाउने), इन्द्रगोष्ठी, आरोग्यशालागोष्ठी, धुपगोष्ठी, ध्वजगोष्ठी, पानीयगोष्ठी, प्रणालीगोष्ठी, प्रदीपगोष्ठी, ब्राहमणगोष्ठी, मल्लयुद्धगोष्ठी, वादित्रगोष्ठी, वासुदेव ब्राहमणगोष्ठीको उल्लेख छ ( बज्राचार्य, २०३० : २८३) । त्यस्तै अन्य अभिलेखहरूमा पनि दशमीगोष्ठी, तैत्तिरीयशाखागोष्ठी, सप्तमीगोष्ठी आदिको वर्णन छ । लिच्छविकालमा कुनै पनि सामाजिक कार्य गर्न गाष्ठीहरूको अहम् भूमिका भएको अभिलेखले दर्शाउँदछ । गोष्ठी परम्पराको सम्बन्धी ज्ञान, कला, सीप तथा विद्या सित भएकोले विद्वता र विद्वत् परम्परा झल्किएको पाइन्छ ।

“सरकारलाई कुनै आम्दानी नहुने जग्गा ‘भूमिच्छिद्र’ कहलाउँथ्यो । ‘भूमिच्छिद्र’ रुपका यस्ता जग्गा ब्राहमणहरूलाई अध्ययन अध्यापन, यज्ञ आदि गर्नाको लागि तथा तपस्या गर्नेहरूलाई तपोवनको रुपमा दिने चलन थियो (बज्राचार्य, २०३० : ५१७) । धर्माधिकारीको रुपमा ब्राहमणलाई राजपरिषद्मा नियुक्त गरिने प्रचलन थियो ।

ब्राह्मी लिपिको बारेमा प्राचीन भारतीय अभिलेख-संग्रह नामक पुस्तकमा “ब्राह्मी लिपि र संस्कृत व्याकरण तथा ध्वनिशास्त्रको सम्बन्धको विश्लेषणले यो प्रमाणित गर्दछ कि यो ब्राह्मी लिपि विस्तारै विस्तारै विकसित भएको होइन” (गोयल, १९८२ : २०) । लामो अवधिको सामाजिक सिकाईबाट यो लिपि विकास भएको हो । लिपिको क्षेत्रमा भएको विकास सामाजिकिकरणको महत्वपूर्ण नमूना हो । भाषा साहित्यको विकास यसको अर्को विविधता हो । “लिच्छविकालिक अभिलेखहरूमा पिङ्गल आदि आचार्यहरूद्वारा निर्दिष्ट छन्दशास्त्रका नियम

र विषयक्षेत्रको अनुसरण गरिएकाले त्यसबेला नेपालमा छन्दःशास्त्र र अलङ्कारशास्त्रका मूर्धन्य विद्वानहरूको प्रचुर संख्या रहेको तथ्य प्रमाणित हुन्छ" (ढकाल, २०५९ : १) ।

"राजा वसन्देदले जैसीदेवलको अभिलेखबाट तत्कालीन शासन-व्यवस्था सम्बन्धी जानकारी प्राप्त हुन्छ । त्यस बेला प्रशासन सम्बन्धी कामको देखरेखका लागि अनेक अड्डा- अदालतहरू खडा गरिएका थिए । यी अड्डा-अदालतहरूलाई अधिकरण भनिन्थ्यो । यी अधिकरणहरूमा मुख्यतः चार- कुथेर, शोल्ल, लिङ्ग्वल र माप्चोक थिए" (भण्डारी, २०५५ : ३९) । यो कानूनी राज्यको एक नमूना हो । लिच्छविकालमा विद्वताको सामाजिकीकरण भएको दृष्टान्त भाषा, साहित्य, कला, लिपि, शासन पद्धति, व्यापार व्यवसाय, कृषि प्रणाली, वैधानिक परम्परा आदिका माध्यमबाट राजनैतिक संगठन, सामाजिक ब्यवहार, शैक्षिक जागरण, आर्थिक ब्यवस्थापन, न्यायिक स्वरुप क्षेत्रमा गरेको उल्लेख्य चित्रणले देखाउँछ । विद्वताको श्रोतहरू ज्ञान प्रशारण मार्फत सामाजिकीकरणमा टेवा पुऱ्याउने अभिन्न अङ्ग हुन् ।

## निष्कर्ष

अज्ञात तथ्यको खोज गर्नु अध्ययनको महत्वपूर्ण पक्ष हो । लिच्छविकालिन विद्वत् परम्परा प्राचीन विद्वता हेर्ने एक ऐनाको रुपमा प्रचलन र ब्यापक रहेको अभिलेख तथा श्रोतहरूबाट देखिन्छ । द्रङ्गहरूको विकास, हस्तिसूत्र लगायत अन्य सुत्र सिकाउने पद्दति, छन्दःशास्त्र र अलङ्कारशास्त्रका मूर्धन्य विद्वानहरूको प्रचुर संख्या रहेको प्रमाणित तथ्य, नारी स्वतन्त्रता, लिच्छविकालिन समाजमा गोष्ठी परम्परा, प्रथम राजपत्रको रुपमा सदनपत्र जारी आदि लिच्छवि समाजको अभिन्न र विद्वत् परम्पराको महत्वपूर्ण पक्ष हुन । विस्तारै यो ज्ञान पद्दती नेपाली समाजमा कमजोर हुदै, हराउदै गयो । लिच्छविकालको भाषा, लिपि, साहित्य, कला, शासन पद्धति, गोष्ठी परम्परा क्रमश लोप हुन थाल्यो । यस ज्ञान प्रज्ञा भित्र रहेको नेपाली पन वा नेपाली विद्वत् परम्परा पनि निरन्तर लोप हुन थाल्यो । जसका कारण संसारलाई दिन सक्ने वा आधुनिक समाजले देख्न भोग्न पाउने ज्ञान लोप हुन सक्ने अवस्था सृजना भयो । यस परिवेशले नेपाली समाज नविन ज्ञानबाट वञ्चित हुने पो हो कि भन्ने भाव जागरण भयो । लिच्छविहरूको शासनकाल नेपाली इतिहासको प्रमाणित कालखण्ड भएकोले यो श्रृखलालाई नयाँ ढङ्गबाट वर्तमानमा जोड्न लिच्छविकालिन विद्वत् परम्परामाथि अनुसन्धान कार्य गर्न जरुरी छ । गुरुकुल, सम्मेलन, परिषद, सभा, विश्वविद्यालय, विहार, गुम्वा आदि ज्ञान उजागरका श्रोतका माध्यमद्वारा विद्वत् परम्पराले व्यापकता पाएको पाइन्छ । विद्या, ज्ञान, विज्ञान, प्रज्ञा, शिक्षाको प्रशारण मार्फत समाजलाई नैतिक स्वरुपमा ढाल्न, सभ्य र सुन्दर समाज निर्माण गर्न, विद्वताले प्रभावित राज्य खडा गर्न मार्ग निर्देशनको भूमिका दर्शाउने भएकोले यस परम्पराको वर्तमानमा अपरिहार्य छ । विज्ञ अर्थात विज्ञता प्राप्त विद्वानको सहायताबाट समाजमा विद्वता प्रशारण गर्दै तत्वमीमांस, ज्ञानमीमांस र मूल्यमीमांसमा योगदान पुऱ्याउन विद्वत् परम्पराको योगदानलाई विमर्ष गर्न आवस्यक छ ।

## सन्दर्भ सामग्रीसूची

गोयल, श्रीराम. (१९८२). *प्राचीन भारतीय अभिलेख संग्रह.* जयपुर. भारत : हिन्दी ग्रन्थ अकादमी ।

जोशी, हरिराम, राजवंशी, श्यामसुन्दर. (२०६५). *गोष्ठी र मृत्युसंस्कारसँग सम्बन्धित गुठी व्यवस्था.* काभ्रे : समकालीन मित्र समूह ।

ढकाल, वेणीमाधव. (२०५९). *लिच्छविकालका अभिलेखहरूको साहित्यिक अनुशीलन.* काठमाडौं : प्रभालक्ष्मी राणा ।

नेपाल, ज्ञानमणि.(२०५५ ). *नेपालनिरुपण.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पन्त, नयराज. (२०४३). *लिच्छविसंवत्को निर्णय.* काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

पराजुली, बुद्धिसागर. (संपा.) (२०२१). *लिच्छवि-लिपि संग्रह.* काठमाडौं : श्री ५ को सरकार वीरपुस्तकालय ।

पौड्याल, उमाकान्त. (२०८०). *बुद्धकालीन समाज पालि त्रिपिटकको साक्ष्यमा.* काठमाडौं : फाइनप्रिन्ट बुक्स प्रा. ली. ।

बज्राचार्य, धनव्रज. (२०३०). *लिच्छविकालका अभिलेख.* कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र र मल्ल, कमलप्रकाश. (१९८५). *गोपालराज वंशावली.* काठमाडौं : नेपाल रिसर्च सेन्टर पब्लिकेशन ।

बज्राचार्य, धनवज्र. (२०२५). लिच्छविकालिक बस्ती *पूर्णिमा. १८.* वर्ष ५, अङ्क २, काठमाडौं : संशोधन मण्डल, पृष्ठ ८७ - १०१ ।

बज्राचार्य, पूर्णरत्न. (२०४१). आचार्यक्रियासमुच्चय *अभिलेख.* काठमाडौं : राष्ट्रिय अभिलेखालय, पृ. ८८ ।

भण्डारी, ढुण्डिराज. (२०५५). *नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास.* काठमाडौं : प्रकाश प्रकाशन ।

रेग्मी, जगदीशचन्द्र. (२०७६). *लिच्छवि इतिहास.* काठमाडौं : मञ्जरी पब्लिकेशन ।

रेग्मी, जगदीशचन्द्र. (२०७७). *नेपालको वैधानिक परम्परा.* काठमाडौं : पैरवी बुक हाउस प्रा. लि. ।

वाशिष्ठ, केदार. (२०७७). *नेपाल विद्या सिद्धान्त र प्रयोग.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, सोमनाथ. (२०७९). *कौटिल्यको अर्थशास्त्र.* काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, बसन्तकुमार. (२०६१). *नेपाली शब्दसागर (सोपपत्तिक कोश).* काठमाडौं : आभा पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ. (२०७२). *नेपालमा शिक्षाको इतिहास भाग - १.* काठमाडौं : मकालु प्रकाशन गृह ।

शिवाकोटी, गोपाल. (२०६७). *राजनीतिक शब्दकोश.* काठमाडौं : पैरवी प्रकाशन ।

श्रेष्ठ, तेजप्रकाश, श्रेष्ठ, भिमनारायण, रिजाल, रवीन्द्र. (सम्पा.) (२०८०). लिच्छविकालिन शीताटी द्रङ्गका सांस्कृतिक अनुशीलन *चन्द्रागिरि अनुशीलन (सांस्कृतिक पक्ष).* काठमाडौं : चन्द्रागिरि साहित्यि समाज, पृ. १२१- १३६ ।